२०८३ वैशाख २३ बुधबार

## १३० औं कार्यपालिका बैठकका निर्णयहरू :

**निर्णय नं. १ :**

नगरपालिकाको कार्य सञ्चालनलाई प्रभावकारी, उत्तरदायी, पारदर्शी तथा सेवामुखी र छिटोछरितो बनाउन सङ्गठन संरचना तयार गरी पद दर्ता गर्ने कार्यका लागि मिति २०७९ आश्विन ९ गते पारित सङ्गठन संरचनामा परिमार्जन गरी हालै सङ्घीय सरकारबाट मिति २०८३/०१/११ मा प्राप्त पत्र तथा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ अनुसार प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गठित समितिले पेश गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, २०८३ स्वीकृत गरी पद दर्ता एवं कार्यान्वयनको लागि गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :**

यस नगरपालिकाको लगानीमा वडा नं. १ स्थित मालेबगरमा निर्माण भएको वधस्थल नगरसभाबाट अनुमोदन गर्ने गरी मासिक रु. ३०,०००/- भाडा लिने गरी कलामुद्दीन फकिर र कमरुद्दीन फकिर सँग सम्झौता गरी उक्त वधस्थल सञ्चालनमा ल्याउने निर्णय गरियो।

**निर्णय नं. ३ :**

चालु आर्थिक वर्ष २०८२/८३ का लागि खरिद गरिएको औषधि समाप्त हुन लागेको र आगामी आर्थिक वर्षको लागि ठेक्का प्रक्रिया पूरा गरी निःशुल्क औषधि खरिद नगरेसम्म कम्तिमा असोज मसान्तसम्मका लागि स्टोर गर्नुपर्ने भएकोले यसै आर्थिक वर्षमा बोलपत्र प्रक्रियामार्फत खरिद गरिएको मूल्यमा स्वास्थ्य शाखाबाट पेश भए बमोजिमको संख्यामा थप औषधि खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :**

वडा नं. १४ निवासी तेज प्रसाद शर्माको निवेदन तथा वडा कार्यालयको सिफारिसका आधारमा खर्सुको पहिरोका कारण खानेपानी पाइपमा क्षति पुगेकोले २०० मिटर ४० मि.मि.को पाइप विपद् व्यवस्थापन शीर्षकबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ५ :**

यस नगरपालिकाको वडा नं. ३ अन्तर्गत अस्पताल चोकमा पालिकाको स्वामित्वमा रहेको शौचालय जीर्ण भई लामो समयदेखि प्रयोगविहीन भएको र शौचालय अभावका कारण नगरपालिकाले भाडा लगाएका सटरका व्यापारीहरूलाई असुविधा पर्न गएको र त्यसको मर्मतका लागि रु. १,५२,३७८/- लाग्ने भनी जिन्सी शाखाबाट लागत अनुमान सहित पेश हुन आएकोले लागत अनुमान भित्र रही मर्मत कार्य अगाडि बढाई पूर्वाधार मर्मत शीर्षकबाट भुक्तानी लेख्ने निर्णय गरियो।

**निर्णय नं. ६ :**

वडा नं. ११ अन्तर्गत झरीकुना—आँपको बोटसम्मको सडकखण्ड बिग्रेका कारण सर्वसाधारणको आवतजावतमा समस्या परेको भनी रु. ६०,४१५/- को लागत अनुमान सहित वडा कार्यालयबाट मर्मत गरी दिने भनी सिफारिस

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी

भई आएकोले सो बाटोको मर्मत सम्भार गर्ने कार्य आगाडि बढाई विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी लेख्ने निर्णय गरियो।

निर्णय नं. ७ :

पूर्वाधार शाखाबाट सिफारिस भई आए बमोजिम Sharma Developers and Suppliers Pvt. Ltd. लाई प्रक्रिया पूरा गरी "घ" वर्गको इजाजतपत्र दिने निर्णय गरियो।

निर्णय नं. ८ :

पूर्वाधार शाखाबाट पेश भए बमोजिम कालिज रेष्टुरेन्टदेखि कुलबाँधसम्मको बाटो हिलाम्मे भई सवारी साधन तथा आमसर्वसाधारणको नियमित आवतजावतमा समस्या भई दुर्घटना समेत हुन सक्ने देखिएकोले उक्त सडकखण्डको स्तरोन्नतिको कार्य गर्न (प्याकेज–२) ठेक्का नं. 07/PM/NCB/WORKS/082/083 को भेरिएसन स्वीकृत गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ९ :

आर्थिक वर्ष २०८२/८३ को नगरसभाबाट स्वीकृत गोदगोदे–गुडीखोला–ठाँटीदेखि नुवाकोट–कालाभैरवसम्म जाने सडकको स्थान वडा नं. ३ हुनुपर्नेमा वडा नं. ५ भएकोले उक्त आयोजनाको स्थान वडा नं. ३ कायम गर्ने निर्णय गरियो।

निर्णय नं. १० :

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त सार्वजनिक तथा सरकारी जग्गाको संरक्षणसम्बन्धी पत्रका विषयमा आगामी दिनमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. ११ :

आ.व. २०८२/०८३ मा यस पालिकाद्वारा विनियोजित अपाङ्गता सशक्तीकरणसम्बन्धी कार्यक्रम गर्न अपाङ्गता सशक्तीकरण तथा सामुदायिक विकास केन्द्र–नेपाल, पुतलीबजार नगरपालिका–१, स्याङ्जाले प्रस्ताव गरे बमोजिम कार्यक्रम सञ्चालन गर्न अनुमति दिइएकोमा पुतलीबजार नगरपालिकाको लागि खर्चको मापदण्ड, २०८२ मा उल्लेख भएका हल भाडा तथा यातायात खर्च र वडा नं. ८, ९ र ११ को यातायात खर्च उल्लेख नभएकोले अपाङ्गता भएका व्यक्तिको हकमा न्यायपूर्ण नभएको भनी कार्यक्रम गर्न नसकिने भनी सम्झौता गर्न नमानेको हुँदा मापदण्डमा अपाङ्गता भएका व्यक्तिलाई विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता महसुस गरी मापदण्ड संशोधन नभएसम्म देहाय बमोजिमको व्यवस्था गरी कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

- तोकिएका वडाहरूको यातायात खर्चलाई दैनिक एक तर्फी मात्र मानी सोको दोब्बर खर्च उपलब्ध गराउन सकिने।
- छुट भएका वडा नं. ८, ९ र ११ को एकतर्फी यातायात खर्च क्रमश रु. २००, २५० र २०० उपलब्ध गराउने र आतेजाते बापत दिँदा सोको दोब्बर उपलब्ध गराउन सकिने।
- अपाङ्गता भएका व्यक्तिहरूको लागि तालिम/कार्यक्रम सञ्चालन गर्दा सरकारी हल प्राप्त नभएमा तोकिएको हलभाडा तिरेर भए पनि कार्यक्रम सञ्चालन गर्ने ।

..............................
धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८३ वैशाख २३ बुधबार

निर्णय नं. १२ :

वडा नं. ९ निवासी राजु गुरुङको घरमा चटयाङ परी घरमा जडान भएको मिटर बक्स लगायत सम्पूर्ण वायरिङ जल्न गएको र निजको आर्थिक अवस्था कमजोर रहेको भनी वडा नं. ९ को कार्यालयबाट सिफारिस भएकोले विपद् व्यवस्थापन शीर्षकबाट रु. १०,०००/- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १३ :

वडा नं. ८ अन्तर्गत अर्भ्याङमा रहेको चण्डी मन्दिर पुरानो भई मर्मत गराउनुपर्ने भएको भनी वडा नं. ८ को कार्यालयबाट सिफारिस भई आएकोले संस्कृति संरक्षण शीर्षकबाट भुक्तानी लेख्ने गरी रु. १,००,०००/- सम्मको मर्मत सम्भार गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १४ :

वडा नं. १४ अन्तर्गत आमडाँडा–सतौं जाने पक्की सडकखण्डमा पहिरो गई उक्त खण्डमा रहेका घरहरूमा क्षति पुग्न सक्ने देखिएको भनी वडा कार्यालयबाट रु. ५०,०००/- को लागत अनुमान सहित डाँडाको नाक पर्खाल निर्माणका लागि सिफारिस भई आएकोले उक्त पर्खाल निर्माण गर्ने कार्य अगाडि बढाउने र सोको भुक्तानी विपद् व्यवस्थापन शीर्षकबाट गर्ने निर्णय गरियो।

निर्णय नं. १५ :

चालु आर्थिक वर्षको नगरसभाबाट बेवारिसे मानव संरक्षणका क्षेत्रमा क्रियाशील संस्थालाई सहयोग शीर्षकमा रु. १,००,०००/- विनियोजन भएको र यस क्षेत्रमा विगत लामो समयदेखि क्रियाशील आमोर सेवा नेपाल, फेदीखोला-१ मा रहेको र उक्त सेवा नेपालमा यस नगरपालिकाका बालबालिका समेत रहेकोले उक्त शीर्षकमा विनियोजित रकम आमोर सेवा नेपाललाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १६ :

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धमा विद्यमान कानूनी व्यवस्थाका विषयमा विस्तृत रूपमा छलफल गरी त्यसका प्रावधानहरूलाई नगर तथा वडास्तरमा कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो। यस नगरपालिकाको नगर शिक्षा योजना निर्माणको कार्य प्रगतिका विषयमा छलफल गरी उक्त योजनामा समावेश गर्नुपर्ने विषयवस्तुका बारेमा वडा समितिबाट सुझाव संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ :

स्मार्ट स्प्रेयर सिंचाई प्रविधिको विषयमा व्यापक छलफल गरी यस नगरपालिकाभित्र उक्त प्रविधिको सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १८ :

पूर्ण खोप घोषणा कार्यक्रमका विषयमा विगतमा गरिएका क्रियाकलापहरूको समीक्षा सहित पूर्ण खोप नगरपालिका घोषणा गरी त्यसको दिगोपनालाई निरन्तरता दिने निर्णय गरियो।

............................
धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

............................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८३ वैशाख २३ बुधबार

निर्णय नं. १९ :

स्याङ्जा युथ क्लबले मिति २०८२ वैशाख १२ गते त्रिभुवन आदर्श मा.वि.मा विशेषज्ञ डाक्टरहरूको सहभागितामा निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम गरेकोले उक्त क्लबले प्रस्ताव र बिल तथा भरपाई सहित आर्थिक सहयोग उपलब्ध गराई पाउँ भन्ने निवेदन दिएकोले अन्य संस्था सहायता शीर्षकबाट रु. ३५,०००/- रकम उक्त क्लबलाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २० :

वडा नं. ४ को कार्यालयबाट सिफारिस भई आए बमोजिम गणेशपुर सिंचाई नहर मर्मतका लागि लागत अनुमान बमोजिम (रु. २,६७,५००/-) मर्मत कार्य अगाडि बढाउने र उक्त सिंचाई मर्मतमा खर्च भएको रकम विपद् व्यवस्थापन शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो।

निर्णय नं. २१:

वडा नं. १३ मा रहेको बुढी आँधिखोलामा पुल तथा कल्भर्ट नभएका कारण आमसर्वसाधारण तथा विद्यालय जाने बालबालिकाको आवतजावतमा समस्या भई दुर्घटना हुन सक्ने सम्भावना देखिएकोले उक्त खोलामा तत्कालका लागि लागत अनुमान बमोजिम रु. १,३२,०००/- को ह्युम पाइप खरिद गरी उक्त खोलामा राख्ने र उक्त रकम विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी लेख्ने निर्णय गरियो।

निर्णय नं २२ :

पुतलीबजार नगरपालिका भित्र संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सुपरिवेक्षण तथा शिक्षक पेशागत सहयोग गर्ने अभिप्रायले " विद्यालय अनुगमन, सुपरिवेक्षण तथा शिक्षक पेशागत सहयोग कार्यविधि- २०८३ " पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ :

चालु आर्थिक वर्ष २०८२/८३ को नगर सभामा मेयर कप शीर्षकमा रु ८,००,०००/- रकम विनियोजन भएकोमा विविध कारणवश समयमानै संचालन गर्न नसकिएको र हाल आएर प्रि. मनसुन प्रारम्भ भएको तथा मालेबगर खेल मैदानको मर्मत सुधार गर्ने कार्य अगाडि बढेकोले उक्त शीर्षकमा विनियोजित रकम मध्ये रु ४ लाख वरावरको खेलकुद सामग्री खरिद गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २४ :

आधारभूत तह स्तरीय परीक्षामा पर्यवेक्षकको रुपमा खटाइएका शिक्षकहरुलाई प्रश्न पत्र लैजान र उत्तर पुस्तिका ल्याउनका लागि खटाइएका विद्यालयको दूरीका आधारमा दैनिक आते जाते भाडा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २५ :

आधारभूत तह स्तरीय कक्षा ८ र माध्यमिक तह कक्षा - १० मा उत्कृष्ट नतिजा ४ GPA ल्याउने विद्यार्थीलाई प्रोत्साहन स्वरुप रु ७००० मा २५ % कर कटाई प्रति विद्यार्थी पुरस्कार तथा सम्मान गर्ने निर्णय गरियो ।

..........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..........................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८३ वैशाख २३ बुधबार

**निर्णय नं. २६ :**

आर्थिक वर्ष २०८२/८३ का लागि वडा नं. १ [illegible] दिईएको वडा शिलिङ्गबाट योजना तथा कार्यक्रम बनाउदा महिला क्षमता विकास तालिममा रु १,००,००० विनियोजन भएकोमा सो रकम सुत्र प्रणालीमा प्रविष्टि गर्दा उपमेयर संग महिला तथा बालबालिका शीर्षकमा गाभेर प्रविष्टि गरिएको हुँदा १३ नं वडा स्तरीय महिला संजाल समितिले कार्यक्रम सम्पन्न गरी आवश्यक कागजात सहित भुक्तानीको लागि पेश भएकोमा सो कार्यक्रमको भुक्तानी उपमेयर संग महिला तथा बालबालिका शीर्षकबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७:**

यस नगरपालिका अन्तर्गत १४ नं वडा निवासी सुरक्षा गिरी पृथ्वी नारायण क्याम्पस पोखरामा इतिहास विषयमा अध्ययनरत रहेकोले निजले मास्टर डिग्रीको थेसिस सतौं चण्डी मन्दिरको विषयमा गरी प्रतिवेदन पेश गरे पश्चात रु १०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २८:**

प्राथमिकताका आधारमा निम्न सडकहरुको कित्तानापी नक्सामा बाटो अध्यावधिक गर्ने निर्णय गरियो।

| क्र.स | बाटोको नाम र वडा | बाटोको चौडाई |
|---|---|---|
| १ | वाडखोला पौवैगौडे टक्सार सडक (हट्टिया बक्रेक सडक खण्ड सहित) वडा नं ३,५ | न्युनतम ६ मिटर |
| २ | उमेश चन्द्र मार्ग वडा नं १३,१४ | न्युनतम ६ मिटर |
| ३ | पुतलिखेत उनियाचौर सडक वडा नं ४ | न्युनतम ६ मिटर |
| ४ | पुतलिखेत लामागे सतौ सडक वडा नं १४ | न्युनतम ६ मिटर |
| ५ | घुम्ती चिसापानी सडक वडा नं २,८,९ | न्युनतम ६ मिटर |

.............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

.............................
तुलसी राम रेग्मी
नगर प्रमुख

तुलसी राम रेग्मी
नगर प्रमुख